# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
# रिलायबल माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको

## नियमावली

### परिच्छेद - १

### प्रारम्भिक

१. **कम्पनीको नाम:** यस कम्पनीको नाम **"रिलायबल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड"** हुनेछ र यसलाई अंग्रेजीमा: Reliable Microfinance Bittiya Sanstha Limited भनिनेछ, जसलाई यसपछि "माइक्रोफाइनान्स वित्तीय संस्था" भनी सम्बोधन गरिने छ ।

२. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय:** १) यस माइक्रोफाइनान्स वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लमजुङ जिल्ला बेशिशहर गा.वि.स. वार्ड नं. १ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।

२) यस माइक्रोफाइनान्स वित्तीय संस्थाको कार्य क्षेत्र हाललाई लमजुङ्ग, मनाङ, मुस्ताङ, डोल्पा, रामेछाप, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, रसुवा र गोर्खा गरी दश जिल्ला रहनेछन् ।

३. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(घ) "माइक्रोफाइनान्स वित्तीय संस्था" भन्नाले रिलायबल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ ।

(ङ) "प्रवन्धपत्र" भन्नाले माइक्रोफाइनान्स वित्तीय संस्थाको प्रवन्धपत्र सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले माइक्रोफाइनान्स वित्तीय संस्थाको नियमावली सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले माइक्रोफाइनान्स वित्तीय संस्थाको संचालक समिति सम्झनु पर्छ ।

(ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम माइक्रोफाइनान्स वित्तीय संस्था स्थापना गर्नको लागि प्रवन्धपत्र तथा नियमावलीमा

प्रतिलिपी प्रमाणित